साँगुरीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा

## शिलवन्दी दरभाउ पत्र आह्वानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७७।०२।१६

चालु आ.व. २०७६।०७७ मा यस कार्यालयबाट वितरण गर्ने औषधी तथा सेनिटरी प्याडहरु शिलवन्दी दरभाउ पत्रबाट खरिद गर्नुपर्ने भएकोले मूल्य अभिबद्धि कर (VAT) मा दर्ता भई औषधी तथा सेनिटरी प्याड आपूर्ति सम्बन्धी इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरभाउपत्र खरिद गरी १६ औं दिन दिनको १२.०० बजे भित्र शिलवन्दी गरी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन् । दरभाउपत्रका शर्त, पेश गर्नुपर्ने कागजात आदिका सम्बन्धमा दरभाउपत्र फाराममा उल्लेख गरिएको छ। शिलवन्दी दरभाउपत्रको विवरण निम्नानुसार रहेको छ।

**निम्न :**

| सूचना नं. | कामको विवरण | फाराम दस्तुर | दरभाउ पत्र जमानत रकम र अवधी | | कैफियत |
|---|---|---|---|---|---|
| | | | जमानत रकम | अवधी | |
| औ. १/२०७६/०७७ | औषधी आपूर्ती सम्बन्धी कार्य | रु १,०००।०० | रु २४,०००।०० | ७५ दिन | |
| से. २/२०७६/०७७ | सेनिटरी प्याड आपूर्ति सम्बन्धी कार्य | रु १०००।०० | रु ३४,०००।०० | ७५ दिन | |

प्रमुख प्रशासकीय अधिकृत

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७०२।१६ मा प्रकाशित औषधी खरिद कार्यको शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु :

१.दरभाउपत्र खरिद गर्न इच्छुक कंपनी ,फर्म वा आपुर्तिकताहरुले फर्म दर्ता नवीकरण प्रमाण पत्र, औषधी ब्यबसायी दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र मूल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रहरुको प्रतिलिपीहरु संलग्न राखी प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र राजस्व शाखामा रु.१०००।०० (अक्षरेपी एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौचर सहित लिखित निवेदन साथ रु १०/-को टिकट टाँस गरि यस कार्यालयबाट दरभाउपत्र कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२.खरिद गरेको दरभाउ पत्र रितपूर्वक भरी शिलबन्दी गरि प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६(सोह्र) औ दिन अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे देखि दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने छ । शिलवन्दी दरभाउ पत्र दाता वा निजका प्रतिनिधीहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३.दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन ।

४.दरभाउ पत्र साथ रु २४०००।०० (चौबीस हजार रुपैया) नेपाल बंगलादेश बैंक, साँगुरीगढी शाखाको खाता नं. ०५२००००८४१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंकको वैक जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

५.दरभाउ पत्र भर्दा आइटमवाइजकै रुपमा भर्नुपर्नेछ । दरभाउ पत्र स्विकृत गर्दा सबै भन्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही दरभाउ पत्रलाई स्विकृत गरिने छ ।

६.सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित) को नियम ४० (ङ) बमोजिम वोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहिमा आफ्नो स्वार्थ नबाझिएको र संम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र सम्बन्धी कागजात दरभाउ पत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

७.दरभाउपत्र दाताले उपलब्ध गराउने औषधी तथा औषधीजन्य सामाग्रीहरु प्राविधिक स्पेशिफिकेसन अनुरुप हुनुपर्नेछ ।

८.दरभाउ पत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

९.हरेक औषधीको स्ट्रिप, बोतल आदिमा प्रिण्ट वा नमेटिने मसिले "निःशुल्क वितरण" भनि उल्लेख गरेको हुनुपर्नेछ ।

१०.दरभाउपत्र दाताको दरभाउपत्र स्विकृत भएपछि कवोल अंकको ५% बराबरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्नेछ वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा माग गरे अनुसार म्याद भएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।

११.औषधी दाखिला गर्दा कम्तिमा १८ महिनाको expiry date वा छोटो अवधिको औषधीमा ७५% अवधि बाँकी हुनुपर्नेछ ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

१२.प्रत्येक औषधीको आइटम वाइज उत्पादन कम्पनीको WHO बाट GMP Certified Company को औषधीमात्र आपुर्ती गर्नुपर्नेछ ।

१३.दरभाउपत्र दर्ता गर्दा कालो सूचीमा नपरेको भनि स्व-घोषणा पत्र पेश गर्नुपर्नेछ ।

१४. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संसोधित सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित सहित) तथा प्रचलित नेपाल कानुन वमोजिम हुनेछ ।

१५.दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१६. दरभाउ पत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३ (2013)

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७०२।१६ मा प्रकाशित सेनिटरी प्याड खरिद कार्यको शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु :**

१.दरभाउपत्र खरिद गर्न इच्छुक कम्पनी ,फर्म वा आपुर्तिकताहरुले फर्म दर्ता नवीकरण प्रमाण पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र मूल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रहरुको प्रतिलिपीहरु संलग्न राखी प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र राजस्व शाखामा रु.१०००।०० (अक्षरेपी एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौचर सहित लिखित निवेदन साथ रु १०/-को टिकट टाँस गरि यस कार्यालयबाट कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२.खरिद गरेको दरभाउ पत्र रितपूर्वक भरी शिलबन्दी गरि प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६(सोह्र) औ दिन अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने छ । शिलवन्दी दरभाउपत्र दाता वा निजका प्रतिनिधीहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन ।

४.दरभाउ पत्र साथ रु ३४०००।०० (चौतीस हजार रुपैया मात्र) नेपाल बंगलादेश बैंक, साँगुरीगढी शाखाको खाता न. ०५२०००००८४१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंकको वैक जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

५.दरभाउ पत्र भर्दा प्रति प्याकेटको रुपमा भर्नुपर्नेछ । दरभाउ पत्र स्विकृत गर्दा सबै भन्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही दरभाउ पत्रलाई स्विकृत गरिने छ ।

६.सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित) को नियम ४० (ङ) बमोजिम बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र सम्बन्धी कागजात दरभाउ पत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

७.दरभाउ पत्र दाताले उपलब्ध गराउने सेनिटरी प्याडहरु यसै साथ संलग्न रहेको स्यानीटरी प्याडको न्यूनत्तम मापदण्ड अनुरुप हुनुपर्नेछ । स्यानीटरी प्याडको न्यूनत्तम मापदण्ड पाना दुई यसै साथ संलग्न रहेको छ ।

८.दरभाउपत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

९.दरभाउपत्र दाताको दरभाउपत्र स्विकृत भएपछि कवोल अंकको ५% बराबरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्नेछ वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा माग गरे अनुसार म्याद भएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

१०. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संसोधित सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित सहित) तथा प्रचलित नेपाल कानुन वमोजिम हुनेछ ।

११.दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । दरभाउ पत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

सांगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३ (2073)

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत